# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

वर्ष-११, अंक-४३ | अवधिः २३-२९ माघ, २०८२ | २३ माघ, २०८२

## मौसमी सारांशः

- साताभर कुनै उल्लेखनीय मौसमी प्रणालीको प्रभाव नरहने देखिन्छ।
- **उच्च पहाडी तथा हिमाली भू-भागः** साताको मध्य र अन्त्यमा कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका एक-दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना छ।
- **पहाडी भू-भागः** साताभर मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना छ।
- **तराई भू-भागः** देशका तराई भू-भागमा साताभर बिहानपखको समयमा हुस्सु/कुहिरो रहने देखिन्छ। बिहानको समयमा लाग्ने हुस्सु/कुहिरो मध्याह्नसम्ममा क्रमिक रुपमा सुधार हुने सम्भावना छ।
- यस साता देशका अधिकांश भू-भागमा अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना छ।
- **औसतसँग तुलना गर्दाः** सबै प्रदेशमा अधिकतम तापक्रम र न्यूनतम तापक्रम औसतभन्दा हल्का बढी रहने सम्भावना छ।

## कृषि सारांश

- तराई, भित्री मधेश र पहाडका बेंसीहरू (७०० मिटरसम्म) का लागि सिफारिस गरिएका चैते धानका हर्दिनाथ-१, चैते-२, चैते-४, चैते-५ र चैते-६ जातहरू मध्ये उपलब्ध जातको यथार्थ संकेतपत्र सहितको बीउ व्यवस्था गरी ब्याड राख्नुहोस्।
- चैते धानको लागि ब्याड बनाउँदा १ मिटर चौडाइ र जमिन हेरी लम्बाइ कायम गर्न सकिने तथा दुई ब्याड बीचमा ४०-५० से.मी. (२ बित्ता) को नाली बनाउनुहोस्। ब्याड बनाउनुअघि राम्ररी पाकेको कम्पोष्ट वा गोबर मल २-२.५ के.जी. प्रति वर्ग मिटरको दरले माटोमा राम्ररी मिलाउनुहोस्। ब्याडमा बीउ राख्नुअघि युरिया ४ ग्राम, डि.ए.पी. ९ ग्राम तथा पोटास ५ ग्राम प्रति वर्ग मिटरको दरले माटोमा राम्ररी मिलाउनुहोस्।
- बागलुङ र सोलुखुम्बु जिल्लाहरूका एक-दुई स्थानका गहुँबालीमा पहेंलो सिन्दुरे रोग देखा पर्न सुरु भएकोले रोग अनुगमन गरी ढुसीनाशक विषादी प्रोपिकोनाजोल (टिल्ट) १ एम.एल. वा नेटीभो ०.५ ग्राम प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा मौसमको अवस्था हेरी आवश्यकता अनुसार २-३ पटकसम्म पातहरू भिज्नेगरी छर्केर उपचार गर्नुहोस् वा नजिकैको कृषि कार्यालयमा सम्पर्क राख्नुहोस्।
- यस साताको मौसम तोरी र मुसुरो बालीमा लाग्ने डढुवा रोगको लागि अनुकूल देखिएकोले नियमित अनुगमन गरी रोग व्यवस्थापनका लागि मेन्कोजेव + कार्बेन्डाजिमयुक्त विषादी ३ ग्राम प्रति लिटरका दरले वा कपर अक्सिक्लोराइडयुक्त विषादी २ ग्राम प्रति लिटर पानीका दरले ७-१० दिनको फरकमा २ पटक सम्पूर्ण बोट भिज्नेगरी छर्कनुहोस्।
- यस समयमा फूल फुल्ने फलफूलहरू जस्तै- कागती, लिची, आँप बालीहरूमा मौरी तथा अन्य कीराहरूले परागसेचन प्रकृया गर्ने भएकोले यिनीहरूको भ्रमणलाई प्रोत्साहान गर्न विषादी नछर्कनुहोस्। विषादीको प्रयोग गर्नैपर्ने भएमा प्राविधिकको सल्लाह अनुसार गर्नुहोस्।
- आगामी साता तराईका जिल्लाहरूमा मध्याह्नसम्म हुस्सु/कुहिरो लागिरहने भएकोले आलु र गोलभेंडा बालीमा पछौटे डढुवा रोगको नियमित अनुगमन गरी मौसमको अवस्था हेरी रोगको सुरुको अवस्थामा मेन्कोजेब ७५% डब्ल्यु.पी. २ ग्राम प्रति लिटर पानीमा मिसाइ पातको तल्लो भाग समेत भिज्नेगरी छर्कनुहोस्।
- व्यवसायिक रुपमा उखु खेती गरिने तराई क्षेत्रका ठाँउहरूमा खेर गएको उखुको टुप्पाबाट साइलेज बनाइ पशुचौपायालाई आहाराको रुपमा प्रयोग गर्नुहोस्।

- लसुन प्याजको प्याजी डढुवा रोगको रोग व्यवस्थापनको लागि रोगग्रस्त सुकेका पातहरू हटाएर मेन्कोजेबयुक्त विषादी २.५ ग्राम वा क्लोरोथालोनिल २ ग्राम प्रति लिटर पानीको दरले ८-१० दिनको फरकमा २-३ पटकसम्म सम्पूर्ण बोट भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।
- चिसो सोत्तरको कारण स-साना पशुचौपायामा छेर्ने समस्या भएमा सोत्तर तुरुन्तै फेर्नुहोस् र सुख्खा राखी प्राविधिकको सल्लाहमा सल्फा समूहका औषधिहरू मात्रा पुर्‍याएर खुवाउनुहोस्।
- हाल सुँगुर/बंगुरहरूमा अफ्रिकन स्वाइन फिभरको उच्च जोखिम रहेकोले फार्ममा जैविक सुरक्षा अपनाउनुहोस्। सुँगुर/बंगुरहरूमा उच्च ज्वरो आइ मृत्युदर बढी भएमा विशेष सतर्कता अपनाई नजिकैको पशु सेवा कार्यालयहरूमा सम्पर्क राख्नुहोस्।
- तराईका जिल्लाहरूमा कमन कार्प माछाको प्रजनन् समय भएको हुँदा हप्ता दिनको अन्तरमा तयार माउ छनौट गरी काकाबनयुक्त प्रजनन् पोखरीमा सेट राख्नुहोस्।
- मौसम सम्वन्धी जिज्ञासाको लागि पैसा नलाग्ने जल तथा मौसम विज्ञान विभागको फोन नम्बर-११५५ मा फोन गर्नुहोस्।
- कृषि र पशु सम्वन्धी जिज्ञासाको लागि पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक शुक्रबार साँझ ४ देखि ६ बजेसम्म फोन गर्नुहोस्।

| आगामी साता (२३-२९ माघ, २०८२) को मौसमी परिदृष्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश** | **भौगोलिक क्षेत्र** | **वर्षा/ हिमपात** | **अधिकतम तापक्रम** | **न्यूनतम तापक्रम** | **बदली हुने अवस्था** | **महत्वपूर्ण मौसम** | **कैफियत** (मौसम प्रणाली) |
| **कोशी प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | साताको मध्यमा र अन्त्यमा एक दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना |
| | पहाड | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | |
| | तराई | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | हुस्सु/कुहिरो | बिहानको समयमा लाग्ने हुस्सु/कुहिरो मध्याह्नसम्ममा सुधार हुने सम्भावना |
| **मधेश प्रदेश** | | | हल्का बढ्ने | साताको अन्त्यमा हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | हुस्सु/कुहिरो | बिहानको समयमा लाग्ने हुस्सु/कुहिरो मध्याह्नसम्ममा सुधार हुने सम्भावना |
| **बागमती प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | साताको अन्त्यमा हल्का घट्ने | साताको अन्त्यमा हल्का घट्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | साताको मध्यमा र अन्त्यमा एक दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना |
| | पहाड | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | |
| | तराई | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | हुस्सु/कुहिरो | बिहानको समयमा लाग्ने हुस्सु/कुहिरो मध्याह्नसम्ममा सुधार हुने सम्भावना |
| **गण्डकी प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का वर्षा/ हिमपात | साताको मध्यमा हल्का घट्ने | साताको मध्यमा हल्का घट्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | साताको मध्य र अन्त्यमा एक दुई स्थानमा हल्का हिमपात/वर्षाको सम्भावना |
| | पहाड | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | |
| | तराई | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | हुस्सु/कुहिरो | बिहानको समयमा लाग्ने हुस्सु/कुहिरो मध्याह्नसम्ममा सुधार हुने सम्भावना |
| **लुम्बिनी प्रदेश** | हिमाल/ उच्च पहाड | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | |
| | पहाड | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | |
| | तराई | | हल्का बढ्ने | हल्का बढ्ने | मुख्यतया सफा | हुस्सु/कुहिरो | बिहानको समयमा लाग्ने हुस्सु/कुहिरो मध्याह्नसम्ममा सुधार हुने सम्भावना |
| **कर्णाली प्रदेश** | हिमाल/ उच्च पहाड | | हल्का बढ्ने | उल्लेखनीय परिवर्तन नहुने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | |
| | पहाड | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | |
| **सुदूरपश्चिम प्रदेश** | हिमाल/ उच्च पहाड | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | |
| | पहाड | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफादेखि आंशिक बदली | | |
| | तराई | | हल्का बढ्ने | हल्का बढ्ने | मुख्यतया सफा | हुस्सु/कुहिरो | बिहानको समयमा लाग्ने हुस्सु/कुहिरो मध्याह्नसम्ममा सुधार हुने सम्भावना |

*नोट: साताको सुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमान सम्वन्धी विस्तृत जानकारीको लागि हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट* http://www.dhm.gov.np/mfd *हेर्नुहोस्।*

# कृषि सल्लाह

## खाद्यान्नबाली

- तराई, भित्री मधेश र पहाडका बेंसीहरू (७०० मिटरसम्म) का लागि सिफारिस गरिएका चैते धानका हर्दिनाथ-१, चैते-२, चैते-४, चैते-५ र चैते-६ जातहरू मध्ये उपलब्ध जातको यथार्थ संकेतपत्र (Truthful Labeling) सहितको बीउ व्यवस्था गरी ब्याड राख्नुहोस्।
- चैते धानको लागि ब्याड बनाउँदा १ मिटर चौडाइ र जमिन हेरी लम्बाइ कायम गर्न सकिने तथा दुई ब्याड बीचमा ४०-५० से.मी. (२ बित्ता) को नाली बनाउनुहोस्। ब्याड बनाउनुअघि राम्ररी पाकेको कम्पोष्ट वा गोबर मल २-२.५ के.जी., युरिया ४ ग्राम, डि.ए.पी. ९ ग्राम तथा पोटास ५ ग्राम प्रति वर्ग मिटरको दरले माटोमा राम्ररी मिलाउनुहोस्।
- राईस ट्रान्सप्लान्टरबाट चैते धान रोप्नका लागि सीड बेड (अनुसूची-२ अनुसार) राख्नुहोस्।
- यस साता तोरी र मुसुरो बालीमा डढुवा रोगको नियमित अनुगमन गरी रोग व्यवस्थापनका लागि मेन्कोजेव + कार्बेन्डाजिमयुक्त विषादी ३ ग्राम प्रति लिटरका दरले वा कपर अक्सिक्लोराइडयुक्त विषादी २ ग्राम प्रति लिटर पानीका दरले ७-१० दिनको फरकमा २ पटक सम्पूर्ण बोट भिज्नेगरी छर्कनुहोस्।
- वसन्ते मकैका लागि उपयुक्त जातहरू; अरुण-१, अरूण-२, अरुण-३, अरुण-४, अरुण-६, रामपुर हाईब्रिड-१० र रामपुर हाईब्रिड-१२ मध्ये भरपर्दो श्रोतबाट उपलब्ध जातहरूको बीउ व्यवस्था गर्नुहोस्।
- बागलुङ र सोलुखुम्बु जिल्लाहरूका एक-दुई स्थानका गहुँबालीमा पहेंलो सिन्दुरे रोग देखा पर्न सुरु भएकोले रोग अनुगमन गरी ढुसीनाशक विषादी प्रोपिकोनाजोल (Tilt) १ एम. एल. वा नेटीभो ०.५ ग्राम प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा मौसमको अवस्था हेरी आबश्यकता अनुसार २-३ पटकसम्म पातहरू भिज्नेगरी छर्केर उपचार गर्नुहोस् वा नजिकैको कृषि कार्यालयमा सम्पर्क राख्नुहोस्।



चित्रः गहुँको पातमा लागेको पहेंलो सिन्दुरे रोग

- यस साताको मौसम मुसुरोमा ओइलाउने र जरा कुहिने रोगको लागि अनुकूल रहेकोले रोग व्यवस्थापनको लागि मेन्कोजेब र कार्बेन्डाजिमयुक्त ढुसीनाशक विषादी ३ ग्राम प्रति लिटर पानीको दरले सम्पूर्ण बोट भिज्नेगरी १० दिनको फरकमा २ पटकसम्म छर्कनुहोस्।
- यस साता तापक्रममा वृद्धि हुने भएकोले ढिलो गरी मंसिर महिनामा छरेको तोरीबाली, मसुरो र गहुँबालीमा लाही कीरा लागे-नलागेको नियमित अनुगमन गर्नुहोस् र आवश्यकता अनुसार फ्लोनिकामिड ५० डब्लु.जी., १ ग्राम ३ लिटर पानीको दरले अथवा डाइमेथोएट ३०% ई. सी. १.५ एम.एल. प्रति लिटर पानीमा घोलेर मौसमको अवस्था हेरी सात दिनको फरकमा २-३ पटक दिउँसो ३ बजेपछि छर्नुहोस्।



चित्रः तोरीबालीमा लाही कीराको प्रकोप

## फलफूल बाली

- यस समयमा फूल फुल्ने फलफूलहरू जस्तै; कागती, लिची, आँप बालीहरूमा मौरी तथा अन्य कीराहरूले परागसेचन प्रकृया गर्ने भएकोले यिनीहरूको भ्रमणलाई प्रोत्साहान गर्न विषादी नछर्कनुहोस्। विषादीको प्रयोग गर्नैपर्ने भएमा प्राविधिकको सल्लाह अनुसार गर्नुहोस्।
- यस साता देशका अधिकांश भू-भागमा अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना भएकोले फूल फुल्ने अवस्थामा रहेका आँप र लिचीलाई रस चुस्ने कीराहरूबाट जोगाउन फूल फुल्नुभन्दा अगाडि नै डाइमेथोयट ३०% ई.सी. अथवा बुप्रोफेजिन २५% एस.सी., १ एम.एल. प्रति लिटर पानीमा मिसाइ छर्कनुहोस्।

- आँपको बोटमा विकृति (म्याङ्गो मालफर्मेसन) देखापरेमा रोगी कलिला हाँगाहरू काँटछाँट गरेर हटाई १ ग्राम एन.ए.ए. (न्याप्थालिन एसिटिक एसिड) प्रति ५ लिटर पानीमा घोली बोटको पात भिज्नेगरी छर्नुहोस्। सूर्यको किरणले हर्मोनको असरलाई कम गर्ने हुँदा एन.ए.ए. घोल अँध्यारो ठाउँमा मात्र तयार गर्नुहोस्।
- फलफूल बालीमा कालो ध्वाँसे ढुसी (Sooty mold) यस मौसममा प्रशस्त देखिन सक्छ। नयाँ पात र पालुवामा कालो ध्वाँसे ढुसी देखिएमा १५ एम.एल खनिज तेल प्रति लिटर पानीमा घोली १०-१२ दिनको फरकमा ढुसी लागेको भाग भिज्नेगरी छर्कनुहोस्।
- पतझड फलफूलको बगैंचा स्थापनाको लागि तयारी एक घन मिटर (१ मि. X १ मि. X १ मि.) साइजको खाडलमा कलमी गरिएको भाग नपुरिने गरी विश्वसनीय श्रोतबाट बिरुवा व्यवस्था गरी रोप्नुहोस्। कटिङ्गबाट पनि प्रसारण गर्न सकिने फलफूलहरूमा कलमी बिरुवालाई नै प्राथमिकता दिनुहोस्।
- सबै प्रकारका फलफूलमा मलखाद राखिसकेपछि चिस्यान कायम राख्न फलफूलको बोट वरिपरि सिँचाई तथा छापोको व्यवस्था गर्नुहोस्। साथै काण्डमा १०% को बोर्डोपेष्ट (१०० ग्राम नीलोतुथो, १०० ग्राम चुन प्रति लिटर पानी) लगाउनुहोस् र बोटका अन्य भागहरूमा १%(१० ग्राम नीलोतुथो, १० ग्राम चुन प्रति लिटर पानी) को बोर्डो मिक्स्चर छर्कनुहोस्।
- पतझड फलफूल बालीहरूमा विश्वसनीय श्रोतबाट सायनको व्यवस्थापन गरी ग्राफ्टिङ गर्नुहोस्।
- फलफूल बगैंचामा रोग, कीरा लागेका, एक आपसमा जोडिएका, सुकेका, लामा-लामा काँडा भएका तथा सलक्क बढेका चोर हाँगाहरू, कलमी भागभन्दा तलबाट आएका मुनाहरू र विरुवाको मुल काण्डको ४०-५० से.मी भन्दा तल आएका सबै हाँगाहरू काँटछाँट गरी हटाउनुहोस् र काँटछाँट गर्दा बनेका घाउहरूमा १० प्रतिशतको बोर्डोपेष्ट बनाइ लगाउनुहोस्।
- औंसा कीरा प्रभावित सुन्तलाजातका फलफूलका बगैंचामा कीरा लागेर झरेका फलफूलहरूलाई टिपेर गहिरो खाडल खनी पुर्नुहोस्। साथै बोट वरिपरिको माटो खनजोत गरी कीराको सुषुप्त अवस्थालाई नष्ट गर्नुहोस्।
- सुन्तलाजात फलफूलको क्याङकर (Citrus canker) रोगको समयमा नै पहिचान र उचित व्यवस्थापन गर्न सकिएन भने ठूलो आर्थिक क्षति हुन जान्छ। जीवाणु भित्र पसेको ठाँउमा पात, फल वा कलिला हाँगामा अत्याधिक कोशिकाको संख्या वृद्धि भएर खत (canker) देखापर्दछ र खतहरू छिप्पिँदै गएपछि खैरो रङमा परिणत हुन्छन्। यस रोगको व्यवस्थापनको लागि बगैंचा सफा राख्ने र मौसमको अवस्था हेरी काँटछाँट गर्नुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड ३ ग्राम वा कासुगामाइसिन ३% एस.एल., २ एम.एल. विषादी प्रति लिटर पानीमा मिसाइ १५-१५ दिनमा छर्कनुहोस्।

**बोटको विभिन्न भागमा देखिने क्यांकरका लक्षणहरू**


शुरुवाती अवस्था


डाँठमा


पातमा


फलमा

- व्याक्टेरियाको कारण केराको बोट ओइलाउने रोग लागेमा कासुगामाइसिन ३% एस.एल., २ एम.एल. प्रति लिटर पानीमा घोलेर १५ दिनको फरकमा २-३ पटक जरा भिजाउनुहोस्।
- केरामा पोटासियमको कमी भएमा पुराना पातको टुप्पो पहेंलो हुने तथा भित्रै बांगिएर मर्ने (Chlorosis), बोटको आँख्ला छोटो भई होचो हुने तथा केराको काईंयो छोटो, पातलो, फलको आकार बिग्रिने हुनाले ४०० ग्राम म्युरेट अफ पोटास प्रति बोट प्रति वर्षको दरले राख्नुहोस्।
- यस साता तराई भू-भागमा अधिकतम तथा न्यूनतम तापक्रम हल्का बढ्ने संभावना रहेकोले यस समयमा फलफूल बाली (मेवा, अम्बा, आँप, आदि) का बोटमा मिली बग कीराको नियमित अवलोकन गरी व्यवस्थापनको लागि बगैंचाको सरसफाइमा ध्यान

दिनुको साथै बोटको मुल काण्डको १ फीट माथि चारैतिर लेसिलो पट्टि [रेजिन वा ग्रीजमा अडिर (कास्टर) को तेल मिसाएर] लगाएमा वा ४०० गेजको २५ से.मी. चौडा बाक्लो पहेंलो प्लाष्टिकलाई बोटको फेदमा बाँध्नाले कीराहरू उक्लेर जान सक्दैनन्। साथै सर्वो तेल १०-१५ एम.एल. प्रति लिटर पानीमा घोली बोटको फेद (मिली बग भएको स्थान) भिज्नेगरी छर्कंदा यसको नोक्सानी कम हुन्छ।







चित्रः फलफूल बालीमा मिलीबगको प्रकोप

- स्याउको दाद रोग (Venturia inaequalis) व्यवस्थापनको लागि रोग लागेका हाँगाबिंगाहरूमा सूर्यको प्रकाश पुग्नेगरी काँटछाँट गरे पश्चात कपर अक्सिक्लोराइडयुक्त ढुसीनाशक विषादी २ ग्राम प्रति लिटर पानीको दरले बोट भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।
- स्याउमा लाग्ने स्यानजोस् कत्ले र भुवादार लाही कीरा व्यवस्थापनको लागि काँटछाँट गरीसकेपछि खनिज तेल वा सर्वो तेल १० देखि १५ एम.एल. प्रति लिटर पानीमा मिसाइ बिरुवाको सम्पूर्ण भाग भिज्नेगरी छर्कनुहोस्।
- ड्रागन फ्रुटमा डाँठ तथा फल कुहिने रोगको व्यवस्थापनको लागि रोगको नियमित अनुगमन गरी रोगी हाँगाहरू काँटछाँट गर्नुका साथै काँटछाँट गरेका हाँगाहरूमा कपरयुक्त विषादीको लेप लगाउनुहोस् । रोगी डाँठहरूमा कपरयुक्त विषादी (कपर अक्सिक्लोराइड २ ग्राम वा प्रोपिकोनाजोल १ एम.एल.) प्रति लिटर पानीको दरले १०-१४ दिनको फरकमा सम्पूर्ण डाँठ भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।



चित्रः ड्रागन फ्रुटमा डाँठ तथा फल कुहिने रोग

## कफीबाली

- राम्ररी पाकेको कम्पोष्ट वा गोठेमल ५ के.जी., तोरीको पिना ०.५-१ के.जी., र कृषि चुन २०० ग्राम प्रति बोटको दरले काण्डबाट १ फिट टाढा हाँगा पुगेसम्म (Crop canopy) आधार मानी वरिपरि हाली दिनुहोस्।
- कलेजी रङमा परिणत भई पाकेका चेरीहरू टिप्नुहोस्। फल टिपिसकेपछि अनावश्यक रूपमा पलाएका चोर हाँगाहरू (पानीसरा) हटाउनुहोस्।
- बीउको लागि राम्रो बोट, हाँगा र झुप्पा छनोट गर्नुहोस् र राम्ररी पाकेका दानाहरूलाई बोक्रा खोल्स्याएर पार्चमेन्टलाई घाम नपर्ने ठाउँमा खरानीले उपचार गरेर राख्नुहोस्।
- पोली ब्यागमा रोपिएका बेर्नाको पातको थोप्ले रोग देखिन सक्ने हुँदा ०.५% बोर्डो मिश्रण बनाइ सबै पात भिज्नेगरी स्प्रे गर्नुहोस्।
- कफीलाई गबारो कीराबाट जोगाउन माघको अन्तिमसम्म सबै फल टिपिसक्नुहोस्। साथै, खस्रो डाँठहरू लाई खाक्सी अथवा जुटको बोराले घोटेर चिल्लो पार्ने र त्यसमा बोर्डो मिक्स्चर/गोबर र रातो माटो मिलाइ लगाउनुहोस्।

# तरकारी बाली

- मध्यपहाडमा माघमा गरिने आलु खेतीका लागि सिफारिस गरिएका उपलब्ध जातहरूको हरियो टुसाएको बीउ रोप्नुहोस्। जग्गा तयारीको बेलामा १००० के.जी. कम्पोष्ट, १०.९ के.जी. डि.ए.पी.., २.५ के.जी. युरिया र ५.० के.जी. एम.ओ.पी. प्रति रोपनीका दरले माटोमा मिलाउनुहोस्।

- आगामी साता तराईका जिल्लाहरूमा मध्याह्नसम्म हुस्सु/ कुहिरो लागिरहने भएकोले आलु र गोलभैंडा बालीमा पछौटे डढुवा रोगको नियमित अनुगमन गरी मौसमको अवस्था हेरी रोगको सुरुको अवस्थामा मेन्कोजेब ७५% डब्ल्यु.पी. २.५ ग्राम प्रति लिटर पानीमा मिसाइ पातको तल्लो भाग समेत भिज्नेगरी छर्कनुहोस्। रोगको प्रकोप देखिएमा एक्रोब्याट (डाइमेथोर्फ ५०% डब्ल्यु.पी.) वा सेक्टिन (फेनामेडोन १०% + मेन्कोजेब ५०% डब्ल्यु.जी.) १.५ ग्राम प्रतिलिटर पानीमा मिसाइ बोटको सम्पूर्ण भाग भिज्नेगरी छर्कनुहोस्।



चित्रः आलुको पात तथा मुनामा पछौटे डढुवाको लक्षण

- मध्यपहाड तथा तराईमा असोज-कात्तिक महिनामा लगाइएको परिपक्व आलु खन्नुहोस्। साथै आलुको भण्डारणमा नोक्सानी गर्ने पुतली कीरा (जोताहा कीरा) ले सामान्यतया भण्डारणमा ज्यादा नोक्सानी गर्ने भए तापनि आलु खनिसकेपछि खेतमा नै थुपारेर राख्दा जोताहा कीराको पुतलीले फुल पार्ने र भण्डारणमा नोक्सानी गर्ने भएकोले खनेपछि खेतमा धेरै समयसम्म नराखी भित्र्याउनुहोस्।
- तराईमा बीउका लागि लगाइएको आलुबालीमा लाही कीराको प्रकोप देखिएमा मौसमको अवस्था हेरी फ्लोनिकामिड ५०% डब्लु.जी., ०.३ ग्राम वा डाइमेथोएट ३०% ई.सी. १.५ एम.एल. प्रति लिटर पानीका दरले आलुको सम्पूर्ण बोट भिज्नेगरी छर्कनुहोस्।
- लसुन प्याजको प्याजी डढुवा रोगको रोग व्यवस्थापनको लागि रोगग्रस्त सुकेका पातहरू हटाएर मेन्कोजेबयुक्त विषादी २.५ ग्राम वा क्लोरोथालोनिल २ ग्राम प्रति लिटर पानीको दरले ८-१० दिनको फरकमा २-३ पटकसम्म सम्पूर्ण बोट भिज्नेगरी छर्केर उपचार गर्नुहोस् ।



चित्रः लसुन र प्याज बालीमा डढुवा रोगको प्रकोप

- लसुन र प्याज बालीमा थ्रिप्स कीराले कलिला पातहरू चुसेर नोक्सानी पुऱ्या उँछ। कीराको नियमित अनुगमन प्रति रोपनी २ वटा नीलो वा पहेंलो स्टिकी ट्रयापबाट गर्नुहोस्। कीराले सुख्खा मन पराउने भएकोले चिस्यान व्यवस्थापन गर्नुहोस्। कीरा व्यवस्थापनको लागि निमजन्य विषादी (१००० पिपिएम) ५ एम.एल. प्रति लिटर पानीमा अथवा स्पाइनोटेरम ११.७ एस.सी. ०.५ एम.एल. प्रति लिटर पानीमा मिसाइ बेलुकीपख थ्रिप्स लागेको ठाउँ भिज्नेगरी छर्कनुहोस्।



चित्रः लसुन र प्याज बालीमा थ्रिप्स कीरा

- बीउ उत्पादनको लागि रोपिएको मुला, रायो र काउली बालीमा लाग्ने अल्टरनेरिया पात थोप्ले र पात डढुवा रोगको नियमित अनुगमन गरी रोग लागेको भए मेन्कोजेवयुक्त विषादी-डाइथेन एम-४५; २.५ ग्राम प्रति लिटर पानीको दरले सम्पूर्ण पातहरू भिज्नेगरी छर्कनुहोस्।

- लहरे तरकारी बालीहरूको नर्सरी पोलीपटमा राखी प्लास्टिकको गुमोजभित्र राख्नुहोस्।
- लहरे तरकारी बालीहरूको बेर्ना उम्रिसकेको भए दिनको समयमा सेतो प्लास्टिकको छानो उघार्ने र रातिको समयमा छानो ओढाउनुहोस्।
- लहरे फर्सी तरकारी बालीहरूको नर्सरी तयार भएको भए जमिनमा लगाउनुहोस्।
- जुकेनी फर्सी (Squash), काँक्रो, करेला, घिरौंला, लौका तथा मुन्टा खाने फर्सीको लागि तल उल्लेख गरे बमोजिमको दूरीमा खाडल खनी राम्रो पाकेको गोबर मल ५ के.जी., हड्डीको धुलो १०० ग्राम, पीना १०० ग्राम, डि.ए.पी.. ४० ग्राम, पोटास ४० ग्राम र बायोजाइम, जिङ्क, बोरेक्स प्रत्येक ३/३ ग्रामका दरले माटोमा मिसाइ विरुवा लगाउन सुरु गर्नुहोस्।

| लहरे बालीहरू | लाइनदेखि लाइनको दूरी (मिटर) | बोटदेखि बोटको दूरी (मिटर) |
|---|---|---|
| जुकेनी फर्सी (squash) | १ | १ |
| काँक्रो | १.२ | १ |
| करेला | १.५ | १ |
| घिरौंला | २ | १ |
| लौका | २ | १ |
| मुन्टा खाने फर्सी (४-५ बोट प्रति खाडल) | २ | २ |

- नर्सरी ब्याडमा बेर्ना उमार्ने समयमा फेद काट्ने कीरा र बेर्ना कुहिने रोग लाग्न सक्ने भएकोले नर्सरी ब्याडको नियमित निरीक्षण गर्नुहोस्। फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न फिप्रोनिल ५% एस.सी. को ०.५ एम.एल. र कार्बेन्डाजिम (बेभिष्टिन) ५०% डब्लु.पी. को २ ग्राम प्रति लिटर पानीमा घोली नर्सरी ब्याडमा माटो भिज्नेगरी छर्नुहोस्।
- टोकिनासी वा वर्णशंकर (Hybrid) जातका मुलाको बीउलाई ड्याङ बनाइ लगाउनुहोस्।
- सिमी तथा बकुल्लामा सिन्दुरे रोग व्यवस्थापनको लागि रोगग्रस्त पातहरू हटाएर ढुसीनाशक मेन्कोजेबयुक्त विषादी २.५ ग्राम वा प्रोपिकोनाजोल १ एम.एल. लिटर प्रति लिटर पानीको दरले १०-१२ दिनको फरकमा मौसमको अवस्था हेरी आवश्यकता अनुसार २-३ पटकसम्म सम्पूर्ण पात भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।



चित्रः सिमी तथा बकुल्लाको पातहरुमा लागेको सिन्दुरे रोग

- तरकारीको बेर्ना सारेको १५-२० र ४०-४५ दिन भएका तरकारी बालीहरूको बोट वरिपरि रिङ्ग बनाइ १०-१५ ग्राम युरिया प्रति बोटको दरले टपड्रेस गर्नुहोस्।
- अम्लिय माटो भएका भू-भागहरूमा माटोको तापक्रम कम भएको अवस्थामा काउली/ब्रोकाउलीमा फस्फोरस तत्वको कमी हुन जान्छ। जसका कारणले बिरुवा बढ्न सक्दैन, पातको टुप्पो र किनारको रङ बैजनी (Purple colour) हुन्छ। यसको कमी भएको देखिएमा डि.ए.पि., १.५ के.जी. प्रति कट्टा वा २.३ के.जी. प्रति रोपनी अथवा सिंगल सुपर फस्फेट ४.३ के.जी. प्रति कट्टा वा ६.६ के.जी. प्रति रोपनी काउली/ब्रोकाउलीमा प्रयोग गरी उकेरा लगाउनुहोस्।
- काउली समूहको तरकारी बालीहरूमा बन्दाको पुतली र इटबुट्टे पुतली लाग्न सक्ने भएकोले नियमित अनुगमन गर्नुहोस् र सुरुको अवस्थामा लाभ्राहरूले एकै स्थानमा रहेर नोक्सानी पुर्‍याउँछ, यस्ता फुल र लाभ्राहरूलाई जम्मा पारी नष्ट गर्नुहोस्। कीराको प्रकोप बढी भएमा स्पिनोस्याड ४५% एस.सी., अथवा क्लोरानट्रानिलिप्रोल १८.५ इ.सी., ०.३ एम.एल. प्रति लिटरका दरले पानीमा मिसाइ कीरा लागेको ठाँउमा भिज्नेगरी साँझपख छर्कनुहोस्।

## काउली समूहका बालीमा लाग्ने गाँठे रोग व्यवस्थापनका विधिहरू:

- निरोगी बेर्नाको प्रयोग गर्नुहोस्।
- अम्लीयपना बढी भएको माटोमा यो रोग लाग्ने हुँदा बिरुवा लगाउने एक महिना अगाडि माटो जाँची १ देखि २ मे. टन प्रति हेक्टरका दरले कृषि चुन प्रयोग गर्नुहोस् र माटोको पी.एच. ७.२ कायम गर्नुहोस्।
- अग्लो ड्याङमा बाली लगाउनुहोस्।
- रोग लागेको खेत भएर बगेको पानी सिँचाईमा प्रयोग नगर्नुहोस्।



चित्रः क्लब रुट/ गाँठाजस्तो जरा हुने रोग

- सम्भव भएसम्म सात हप्ता भन्दा कम उमेरको बेर्ना प्रयोग नगर्नुहोस्।
- रोग व्यवस्थापनको लागि फ्लुयाजिनाम (Fluazinam) ०.२% को घोल बनाइ बोट वरिपरि ड्रेन्चिंङ गर्नुहोस्।

- गोलभेंडामा लाग्ने गवारो (Fruit borer) कीरा व्यवस्थापनको लागि १० ग्राम भेली प्रति लिटर पानीमा मिसाइ बनाएको घोलमा HaNPV (हेली एन.पि.भी.) २५० LE को १.५ एम.एल. हालेर साँझको समयमा स्प्रे गर्नुहोस्, अथवा व्याक्टेरियाजन्य (बी.टी.) Bt ३ ग्राम प्रति लिटर पानीमा मिसाएर साँझको समयमा स्प्रे गर्नुहोस्, अथवा क्लोरानट्रानिलिप्रोल १८.५ इ.सी. ०.४ एम.एल. प्रति लिटर पानीमा मिसाइ बोट भिज्नेगरी स्प्रे गर्नुहोस्। साथै कीराले नोक्सानी गरेका फलहरू संकलन गरी खाडलमा पुर्नुहोस्।
- गोलभेंडा र भण्टाको शाकाणुबाट ओइलाउने रोग व्यवस्थापनको लागि संक्रमित बोटलाई तत्काल उखेली कम्तीमा ५० से.मी. गहिराइको खाल्डो खनी पुर्ने र रोग फैलिन नदिन माथिबाट सुकेका पातपतिङ्गर र स्याउला जलाइदिनुहोस्। बारीमा जतिसक्दो छिटो पानी निकासको प्रबन्ध गर्नुहोस्। साथै बारीमा सिँचाई दिने संख्या घटाउनुहोस्। संक्रमित बारीलाई स्वस्थ क्षेत्रबाट छुट्याउन तथा रोगका जीवाणुहरू फैलिन नदिन बीच भागमा ठूलो खाडल/कुलेसो बनाउनुहोस्।

## अन्य

- बालीनालीमा रसायनिक विषादीको प्रयोग गर्दा सकेसम्म हरियो र नीलो लेबल भएको विषादी प्राविधिकको सल्लाह अनुसार प्रयोग गर्नुहोस्। कडा घाम लागेको, धेरै हावा लागेको र पानी परिरहेको बेलामा विषादी नछर्कनुहोस्। विषादी छर्कने बेलामा व्यक्तिगत सुरक्षा उपकरणहरू जस्तै- मास्क, पञ्जा, चस्मा, बुट र एप्रोनको प्रयोग गर्नुहोस्। विषादी छर्कंदा छर्दै अघि बढ्नु हुँदैन, पछि सर्दै आउनुहोस्। यस बारे विस्तृत जानकारी अनुसूची-३ मा दिइएको छ।
- उखुका सिफारिस गरिएका उन्नत जातहरू- जीतपुर-६, जीतपुर-८, जीतपुर-९ मध्ये उपलब्ध जातको गुणस्तरीय बीउको समयमा नै व्यवस्था गरी ३ आँखा भएका १५०-२०० के.जी. बीउ प्रति कट्ठा बीउको दरले उपचार गरी रोप्नुहोस्। जग्गा तयारीको बेलामा ३४० के.जी. कम्पोस्ट वा गोबरमल ३.७४ के.जी. युरिया, ४.३५ के.जी. डी. ए. पी., २.२२ के.जी. म्युरेट अफ पोटास प्रति कट्ठाका दरले माटोमा राम्ररी मिलाउनुहोस्।
- मंसिर महिनामा लगाइएको उखुबालीमा माटोमा चिस्यानको अवस्था हेरी ३.६ के.जी. युरिया प्रति कट्ठाका दरले पहिलो टपड्रेस गर्नुहोस्।
- मौरी घारको नियमित निरीक्षण गरी आधार चाकाहरू साथै सुपर (तल्ला) थप्ने व्यवस्था गर्नुहोस्। साथै घारको संख्या बढाउनु छ भने रानुको उपयुक्त व्यवस्था गरी मौरी गोला विभाजन गर्नुहोस्।

# पशुपालन

## गाई, भैंसी, भेडा, बाख्रा

- यस साता तापक्रम हल्का बढ्ने अनुमान गरिएको भए तापनि, भर्खर जन्मिएका र स-साना बाच्छा-बाच्छीलाई साँझ-बिहानको चिसोबाट जोगाउन सोत्तर सुख्खा राख्नुहोस्। चिसो सोत्तरको कारणले प्रोटोजोवाको संक्रमण बढ्न गई स-साना पशुचौपायामा छेर्ने समस्या हुन्छ। छेर्ने समस्या भएमा प्राविधिकको सल्लाह बमोजिम सल्फाडाइमाइडिन औषधी मात्रा पुर्‍याएर खुवाउनुहोस्।
- ब्याउने र भर्खर ब्याएका पशुचौपायाहरूलाई साविकको भन्दा पोषिलो खानेकुराहरू दिनुहोस्। हिउँदको समयमा हरियो घाँस कम हुने हुँदा, हे, साइलेज वा जै, बर्सिम, जस्ता खेती गरिएको घाँसहरूको साथै उपलब्धता अनुसारले डाले घाँस खुवाउनुहोस्, सम्भव भएसम्म पराल नखुवाउनुहोस्। दैनिक १०-१५ ग्राम नून, ५० वटा खनिजको मिस्रण र प्रशस्त पानी खुवाउनुहोस्।
- हाल देशमा खोरेत रोग महामारीको रूपमा देखा परेको हुँदा रोकथामको लागि पशुहरूमा ३ महिनाको उमेर पुगेपछि पहिलो पटक र १ महिनापछि पुनः बुष्टर खोप लगाइ प्रत्येक ६ महिनामा खोप दोहोर्‍याउनुहोस्। रोग देखापरेको अवस्थामा स्थानीय प्राविधिकहरूसँगको सल्लाहमा उपचार गर्नुहोस्।
- दुधालू गाईभैंसीहरूमा थुनेलो रोगका कारण दूध फाट्न थालेमा, स्वाद बढी नुनीलो हुन थालेमा वा कल्चौडो/थुनमा केही फरक महसुस भएमा सुषुप्त अवस्थाको थुनेलो हुनसक्ने हुँदा दूधको जाँच गराइ थप उपचारका लागि भेटेरिनरी प्राविधिकहरूसँग सम्पर्क गर्नुहोस्।
- व्यवसायिक रुपमा उखु खेती गरिने तराई क्षेत्रका ठाँउहरूमा खेर गएको उखुको टुप्पाबाट साइलेज बनाइ पशुचौपायालाई आहाराको रुपमा प्रयोग गर्नुहोस्।
- हिउँदको समयमा पशुचौपायालाई हरियो घाँसको कमी हुने भएकोले उग्राउने पशुहरू जस्तै-गाई, भैंसी, भेडा, बाख्राहरूलाई सन्तुलित आहारको साथै मिनरल मिक्स्चर वा युरिया मिश्रित पराल (४% युरिया) वा युरिया मोलासेस ब्लक खुवाउनुहोस्। तर साना बाच्छा-बाच्छी र पाडा-पाडी (६ महिनाभन्दा कम उमेरका) लाई युरिया उपचार गरिएको पराल नखुवाउनुहोस्। यस बारे विस्तृत जानकारी अनुसूची-४ मा दिइएको छ।
- जै, नेपियर, भेच घाँसहरू खुवाउँदा कम्तीमा ४ घण्टा ओइलाएर मात्र खुवाउनुहोस्।

## कुखुरा, हाँस, बंगुर

- हाल कुखुरामा बर्डफ्लु (Influenza H9) को जोखिम रहेकाले किसानहरूले फार्महरूमा जैविक सुरक्षाका विधिहरू (अनुसूची-५ अनुसार) अपनाउनुहोस्।
- ब्रोइलर कुखुराहरूको पेटमा पानी जम्ने (Ascites) समस्या कम गर्नका लागि खोरमा दिउँसोको समयम प्रशस्त हावा खेल्ने बन्दोबस्त मिलाउनुहोस्। रातको समयमा चिसोबाट कुखुराहरूलाई जोगाउनुहोस्। आठ दिन भन्दा ठूला चल्लाहरूको खोरमा रातको समयमा ४ घण्टा बत्ति निभाउनुहोस्। सम्भव भएमा २१ दिनपछि गोटि दानाको सट्टामा मास दाना दिंदा, पेटमा पानी जम्ने समस्या केही कम गर्न सकिन्छ। पेटमा पानी जम्ने समस्याले धेरै नै क्षति गर्न थालेमा, फुरोसेमाइड ४० एम.जी. (मानिसको औषधि पसलमा किन्न पाइने) १ लिटर पानीमा घोली दिनको दुईपटक पाँच दिनसम्म खान दिनुहोस्। १० दिन उमेर पछि दिइने दानामा १% का दरले खानेसोडा (सोडियम बाईकार्बोनेट) मिसाइ खुवाउनुहोस्। प्रति के.जी. कुखुराको दाना ५० ग्राम आलशको तेल मिसाइ खान दिंदा पनि यो समस्यालाई कम गर्न सकिन्छ।
- यो समयमा कुखुरापालन गरिएको खोरहरू न्यानो पार्न रातिको समयमा झ्यालहरूमा प्लास्टिक/बोराको पर्दा लगाउनुहोस् र एमोनिया जम्मा हुनबाट जोगाउन घाम लाग्ने समयमा पर्दा खुला राख्नुहोस्। अण्डा उत्पादनका लागि कुखुराको खोरभित्रको तापक्रम ७५°F (२४°C) भन्दा कम हुन नदिनुहोस्। खोरमा तापक्रम घटेमा इन्फ्रारेड बल्ब, विद्युतीय भट्टी/एलपिजी भट्टी जस्ता कृत्रिम तताउने प्रणालीको व्यवस्था गरी चल्लाहरूलाई श्वास-प्रश्वाससँग सम्वन्धित समस्याबाट जोगाउनुहोस्। खोरमा आद्रता ६५% कायम राख्न वाष्पीकरणको लागि ताप स्रोत नजिकै पानीको भाँडो राख्नुहोस्।

- हाल सुँगुर/बंगुरहरूमा अफ्रिकन स्वाइन फिभरको उच्च जोखिम रहेकोले फार्ममा जैविक सुरक्षा (अनुसूची-५ अनुसार) अपनाउनुहोस्। सुँगुर/बंगुरहरूमा उच्च ज्वरो आई मृत्युदर बढी भएमा विशेष सतर्कता अपनाइ नजिकैको पशु सेवा कार्यालयहरूमा सम्पर्क राख्नुहोस्।
- चिसोको कारण बंगुरका पाठा-पाठी मर्न नदिन खोरको तापक्रम ३५-३८ डिग्री सेल्सियस बनाउनुहोस्। भर्खरै जन्मेका (२-३ दिनसम्मका) बंगुरका पाठापाठीहरूलाई चिसोबाट बचाउनका लागि २×२×३ फिटको काठको बाकस बनाइ त्यसभित्र पराल वा सुख्खा घाँस राखेर माथिपट्टि २०० वाटको बत्ती झुण्डाएर बाल्नुहोस्। काठको बाकसलाई थोरै हावा पस्नेगरी माथिबाट ढाक्नहोस्।

## मत्स्यपालन

- बिहान लाग्ने हुस्सु/कुहिरो मध्याह्नसम्म रहने संभावना भएकोले माछापोखरीमा घुलित अक्सिजनको कमीबाट हुन सक्ने क्षति कम गर्न प्रति हेक्टर जलाशयमा बिहान ४-६ बजेसम्म ०.७५ के.भि.ए. क्षमताको वायुयन्त्र (Aerator) को प्रयोग गर्नुहोस् साथै बादल लागेको समयमा दाना दिन बन्द गर्नुहोस्।
- प्रजननका लागि छुट्याइएका कमन कार्प जातका भाले र पोथी (२:१) माछालाई छुट्टाछुट्टै पोखरीमा राखी कुल तौलको ३-४ प्रतिशतका दरले २८-३० प्रतिशत प्रोटिन रहेको दाना दिनहुँ नियमित समयमा दिनुहोस् र माउमाछा भएको पोखरीमा पानी फेर्दा बोरिङको पानी प्रयोग गर्नुहोस्। साथै विकसित अण्डालाई प्रयाप्त पोषण पुऱ्याउन हप्ता दिनको अन्तरमा भिटामिन सी (Vitamin C) ०.५ के.जी. र भिटामिन ई (Vitamin E) २५०० एम.जी. प्रति के.जी. माछाको दरले दानामा मिसाइ खुवाउनुहोस्।
- तराई क्षेत्रमा कमन कार्प जातका माछाको प्रजनन माघको मध्यबाट सुरु हुने हुँदा भुरा राख्ने पोखरी तयारी गर्नुहोस्। पोखरीलाई जलीय झारपात र जंगली माछा हटा खनजोत गरी ३-४ दिनसम्म सुकाउनुहोस्। सुकाएको पोखरीमा घर पोत्ने चुन ४५०-६०० के.जी. प्रति हेक्टर, १०- १५ के.जी. कुखुराको मल वा गाईको मल १५-२० के.जी. प्रति ५०० वर्ग मिटरका दरले प्रयोग गर्नुहोस्। चुना र मल राखेको ३-५ दिनपछि पानीको गहिराइ ६०-७० से.मी. कायम हुने गरी पानी भर्नुहोस् र सकभर मूल वा बोरिङको पानी जालीबाट छानेर मात्र पठाउनुहोस्।
- तराईका जिल्लाहरूमा कमन कार्प माछाको प्रजनन् समय भएको हुँदा हप्ता दिनको अन्तरमा तयार माउ छनौट गरी काकाबनयुक्त प्रजनन् पोखरीमा सेट राख्नुहोस्। अण्डाबाट निस्केको ह्याचलिङलाई प्रति दिन प्रति एक लाख नाभी थैली (Yolk sac) सुकेपछि शारीरिक तौलको १५-२०% धुलो दाना र थप ४ वटा उसिनेको अण्डाको रानो (Yolk) को झोल बनाइ खुवाउनुहोस्।
- प्रजनन् गराइएका माउमाछाहरू लाई सफा र ताजा पानी राखी ह्याचरी वा माउ माछा राख्ने ट्याङ्कीमा पानीको हल्का फोहोरा दिएर २-३ दिनसम्म राखि तत्पश्चात माउ हुर्काउनको लागि तयार गरिएको पोखरीमा राखेर सन्तुलित दाना दिनुहोस्।
- कमन कार्प माछाको अण्डाबाट निस्केको ह्याचलिङलाई अनुसूची-६ मा दिइए अनुसार दानाको प्रयोग गर्नुहोस्।
- एउटै ह्याचरीमा उत्पादन गरिएका कार्प जातका माउ माछाबाट भुरा उत्पादन सकभर नगर्नुहोस्। अन्य ह्याचरीबाट वार्षिक २०% मात्र नयाँ माउ (कुनै एक मात्र लिङ्ग-भाले वा पोथी) ल्याउनुहोस्। यसरी माउ माछा ल्याउँदा आफ्नो ह्याचरीबाट उत्पादन भइ वितरण भएका माछाहरू नल्याउनुहोस्। साथै माउ माछालाई ल्याएपछि कम्तीमा ७ दिनसम्म क्वारेन्टाइन पोखरीमा राखी रोगव्याधि संक्रमणको उपचार तथा अनुकूलन गर्नुहोस्।
- ग्रास कार्पका छुट्टाईएका प्रजनन योग्य माउ माछालाई खुवाउन गहुँ/जौको जमरा राख्न तयारी गर्नुहोस्। ह्याचरी गर्नुहुने माछापालकहरूले मुख्य प्रजनन समयको २-३ महिना अगाडिबाट माउ माछालाई जमरा उमारेर खुवाउनुहोस्।
- रेन्वो ट्राउट माछाको प्रजनन गर्ने कृषकहरूले परिपक्व (२-३ वर्ष उमेरको) माउ माछा (भाले, पोथी) छनौट गरी प्रजननको कार्य गर्नुहोस्। प्रजननको समयमा पानीको तापक्रम ९ डिग्री देखि १३ डिग्रीको बीचमा हुनुपर्दछ।



**चित्रः गहुँ/जौ को जमरा**

## घाँसेबाली

- नेपियर जस्ता वहुवर्षे घाँसहरूलाई सिँचाई दिनुहोस् र प्रति कठ्ठा १.२ के.जी. का दरले युरियाको टप ड्रेस गर्नुहोस्।
- नर्सरीमा किम्बु, बैंस जस्ता डाले घाँसहरूको कटिङ राख्नुहोस्।
- लगाइएको टियोसेन्टीको बीउ पाक्ने समय भएकोले निरीक्षण गरी दुई तिहाइ जति पाकेको भए घोगा टिप्नुहोस्।

## कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विशेषज्ञ समूह

| क्र.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. तुलसी प्रसाद पौडेल | पशु आहारा | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | harmfree@gmail.com | ९८५१११४२७८ |
| २ | डा. प्रदीप साह | बाली विज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | pradeep75shah@gmail.com | ९८४५०५१८९७ |
| ३ | डा. नविन गोपाल प्रधान | वागवानी | राष्ट्रिय वागवानी अनुसन्धान केन्द्र, खुमलटार | navin.pradhan@gmail.com | ९८५११००८२० |
| ४ | सूर्य प्रसाद बराल | वागवानी | राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर | spbaral23@gmail.com | ९८४१५४८२८४ |
| ५ | राजेन्द्र कुमार भट्टराई | बाली विज्ञान | राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | rkbhattarai@gmail.com | ९८४३४७२२७० |
| ६ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ७ | सुदीप कुमार उपाध्याय | कीट विज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ८ | डा. नारायण पौडेल | पशु स्वास्थ्य | राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमलटार | narayan.paudyal@narc.gov.np | ९८६३३३५०४६ |
| ९ | डा. नबिन रावल | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | nabin_rawal@yahoo.com | ९८५७०६५०२१ |
| १० | डा. रोशन बाबु वझा | माटो विज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rbojha21@gmail.com | ९८५१२२८९१५ |
| ११ | आलोक शर्मा | घाँसे बाली | राष्ट्रिय चरन तथा घाँसेबाली अनुसन्धान कार्यक्रम, खुमलटार | aloks5@gmail.com | ९८४१७७४०१२ |
| १२ | मुक्तिनाथ झा | कृषि इन्जिनियरिङ्ग | राष्ट्रिय कृषि इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटार | jha_mukti@yahoo.com | ९८६३३८२२५४ |
| १३ | डा. मुकुन्द भट्टराई | रैथाने बाली | राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जीन बैंक) | bhattaraimukunda2@gmail.com | ९८५१२२८४८६ |
| १४ | ऋषिराम अधिकारी | कृषि सञ्चार | राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्र, खुमलटार | adhikari_rishi@yahoo.com | ९८४१९७९२८९ |
| १५ | डा. रुपा वास्तोला | पशु आहारा | राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, खुमलटार | bastola_rupa@yahoo.com | ९८४१३१९८३९ |
| १६ | कुमार मणी दाहाल | वागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | kumarmanidahal@gmail.com | ९८५१२२२९५५ |
| १७ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| १८ | डा. संजिव पंडित | पशु स्वास्थ्य | कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर | panditsanjiv2046@gmail.com | ९८४५३२९५४२ |
| १९ | चुरामणि भुसाल | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | bhusalchuramani12@gmail.com | ९८४५६३०४६१ |
| २० | निला पौडेल | आलुबाली | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार | neelapaudel@gmail.com | ९८४१२४१७२८ |
| २१ | विद्या महर्जन | कृषि-मौसम | जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं | bidhya159@gmail.com | ९८४१७७०६५१ |
| २२ | गोविन्द कुमार झा | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि.अ.वि. | mfddhm@gmail.com | ०१-४११३१९१ |

# अनुसूची-१ः नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावलि

## Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No clouds in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hours |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिँदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आंकलन X क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने संभावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने संभावित भू-भाग (%) जनाउँदछ। उदाहरणका लागि कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs.)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (बिहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राति) | 6 PM to 6 AM (Next day) |

श्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

# अनुसूची-२ः राईस ट्रान्सप्लान्टरका लागि बेर्ना राख्ने तरीका

**<u>आवश्यक पर्ने सामाग्रीहरू</u>**

- बीउ
- प्लास्टिक सिट
- माटो छान्ने जाली/मेशिन
- गोबर मल
- जुटको बोरा र हजारी
- ट्रे अथवा बीउ राख्ने फ्रेम

**<u>विधि</u>**


धान रोप्ने मेसिनको ट्रे को आकार मेसिनको किसिम अनुसार फरक पर्ने हुनाले ट्रे को आकार अनुसार बेर्ना व्यवस्थापन गर्नुहोस्।



- माटो छान्ने जाली अथवा मेशिनको प्रयोग गरी माटो राम्री चाल्नुहोस्।
- धानको बीउलाई २४ घण्टा सम्म पानीमा भिजाउनुहोस्।
- भिजाई सकेको धानलाई छानेर १२ घण्टासम्म जुटको बोरामा राख्नुहोस्। यसले धानमा टुसा आउन सहयोग गर्दछ।
- यसपछि ट्रे मा ४ भाग छानेको माटोमा १ भाग गोबर मल मिलाई मिश्रणलाई एकनासले लेभल मिलाई टुसा आईसकेको धान प्रति ट्रे करिब ८०-१०० ग्राम बीउ (करीब ३०० ग्राम प्रति वर्ग मिटर ) मिलाएर राख्नुहोस्। (प्रति कठ्ठा यस्ता ८-१० वटा ट्रे आबस्यक पर्छ)
- चराले बीउ खानबाट जोगाउन ट्रेमा बीउ राखिसकेपछि माटोले हल्का छोप्नुहोस्।
- ट्रेको चिस्यान नियमित अनुगन गरी हजारीको प्रयोगले नियमित पानि छर्कनुहोस्।
- बीउ छरेको १ हप्ता पछि २/३ बिराएर ०.५% युरिया पानीमा मिलाई छर्कनुहोस्।
- बीउ उम्रेपछि ट्रेमा हल्का पानि जमाएर सिंचाइ कार्य गर्नुहोस्।
- धान रोप्नु भन्दा २/३ दिन अगाडि बेर्नामा पानि दिन बन्द गर्नुहोस्।
- अहिलेको समयमा धानको बेर्ना उत्पादन गर्न चाहिने तापक्रम अझै पुगी नसकेको हुनाले अकुरण (germination) नहुँदा सम्म बीउ राखिएको फ्रेम/ट्रे लाई राति प्लास्टिकले छोप्ने तथा बिहान घाम आएपछि हटाउने गर्नुहोस्।
- ट्रे उपलब्ध नहुने अवस्थामा ३/४ ईन्चको स्क्वाइर बारलाई मेसिनको ट्रे साईज अनुसार फ्रेम बनाइ पनि बेर्ना तयार गर्न सकिन्छ। यसरि बनाइएको ट्रेलाई साधारण प्लास्टिकमा साना साना प्वाल पारी प्लास्टिक माथि राखि माथि उल्लेख गरिएको विधिबाट बेर्ना तयार गर्न सकिन्छ।

*अन्य प्राविधिक जानकारीका लागि राष्ट्रिय कृषि अनुसन्धान केन्द्र खुमलटार अथवा कृषि औजार अनुसन्धान केन्द्र रानीघाट, बिरगंजमा सम्पर्क गर्नुहोस्।*

## अनुसूची-३ः विषादीको प्रयोग गर्दा ध्यान दिनुपर्ने मुख्य कुराहरू




- सकेसम्म हरियो () र नीलो () लेबल भएको विषादी प्रयोग गर्नुहोस्।
- विषादीको डब्बामा उत्पादन र एक्सपाइरी मिति हेर्नुहोस्।
- सुरक्षित ठाउँमा विषादी राख्नुहोस्।
- सिफारिस गरीए अनुसारको मात्रा प्रयोग गर्नुहोस्।
- विषादी छर्कने वेलामा मुखमा मास्क, हातमा पञ्जा, खुट्टामा जुत्ता र शरीरको नाङ्गो भागमा कपडाले छोप्नुहोस्।
- सकभर कडा घाम लागेको, धेरै हावा लागेको, पानी परिरहेको बेला विषादी नछर्नुहोस्। वर्षातको समयमा विषादी छर्कनै पर्ने भएमा स्टिकर मिसाएर मात्र प्रयोग गर्नुहोस्।
- कुनै पनि विषादी छर्दा जुन दिशाबाट हावा आएको छ त्यही दिशातिर फर्केर कहिल्यै छर्नुहुँदैन अर्थात् जुन दिशाबाट हावा वहेको छ सोही दिशातर्फ फर्केर विषादी छर्ने गर्नुहोस्।
- कुनै पनि विषादी छर्दा विषादी छर्दै अघि बढ्नु हुँदैन अर्थात पछि सर्दै आउनुहोस् जसले गर्दा विषादी छरिसकेको ठाँउमा चलाउन नपरोस्।
- कुनै पनि विषादी छरिरहँदा बिचैमा नोजल बन्द भयो भने मुखले फुकेर वा दाँतले खोल्ने गर्नुहुदैन।
- कुनै पनि विषादीको प्रयोग गरे पछि सकेसम्म पुरै शरिर नुहाउनु पर्दछ र हात खुट्टा नधोई कुनै खानेकुरा खान हुँदैन।
- विषादी प्रयोग गरीसकेपछि खाली बट्टा वा सिसी बटुलेर खाल्डोमा पुर्नुहोस् र प्रयोग गरेका उपकरणहरू धोएर राख्नुहोस्।
- विषादी छर्कदा टाउको दुख्ने वा वाक-वाक लाग्ने जस्तो हुन थाल्यो भने तुरुन्त काम छोडेर खुल्ला हावामा केहीबेर बस्नुहोस्। यदि विष लागेको शंका लागेमा नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा जचाउनुहोस्।
- विषादीको किसिम हेरेर विषादी छरेको खेत जग्गाबाट ३ देखि १५ दिनसम्म कुनै पनि खानयोग्य बालीहरू उपभोग गर्न हुँदैन। साथै गाईवस्तु, कुखुरा आदि लाई पनि खुवाउन हुँदैन।
- विषादी प्रयोग गर्ने उपकरणहरू (स्प्रेयर) लाई प्रयोग गरीसकेपछि राम्रोसँग पखाली भण्डारमा राख्नुहोस्।

## अनुसुची-४: युरिया उपचार विधी

सुख्खा पराल, छवाली वा नललाई १.५-२ इन्चको लामो टुक्रामा काटेर त्यसमा ४% (१०० लिटर पानीमा ४ के.जी. युरिया) को दरले युरियाको झोल बनाइ (१०० के.जी. परालको लागि ५०-६० लिटर घोलको दरले) मिलाएर छर्नुहोस्। त्यसपछि हातमा प्लाष्टिकको पन्जा लगाई पराल र युरियाको झोल राम्ररी मिसाउनुहोस्। मिसाइएको परालालाई प्लाष्टिकको थैलामा राम्ररी हावा नछिर्ने गरी खाँद्नुहोस्। प्लाष्टिकको थैला नभएमा जमिनमा खाडल खनी अथवा जमिन माथी पानीमा फोहोर नमिसिने गरी प्लाष्टिक ओछ्याएर राम्ररी खाँदेर प्लाष्टिकले छोपी ४ इन्च बाक्लो माटोले हावा नछिर्ने गरी छोप्नुहोस्। खास गरेर २१ दिनसम्म त्यसलाई राख्ने र २१ दिनपछि थैलाबाट खुवाउने जति मात्रा निकाली हावामा आधा घण्टा जति फिँजाई पशुचौपायालाई खुवाउनुहोस्। वाख्रालाई ३००-४०० ग्राम प्रतिदिन र गाई भैसीलाई ५-६ के.जी. प्रति दिनका दरले खुवाउनुहोस्।

# अनुसुची-५: रोग नियन्त्रणमा जैविक सुरक्षा

पशुपन्छीहरूलाई रोगबाट जोगाउने तथा नियन्त्रण गर्नको लागि अपनाइने सर्वोत्तम उपाय नै जैविक सुरक्षा हो। जैविक सुरक्षामा पन्छीलाई अलग राख्ने, ओसार पसार तथा आवतजावतमा नियन्त्रण गर्ने र सरसफाइमा ध्यान दिनु नै मुख्य कार्य हुन यसको लागि निम्न लिखित कुराहरू अवलम्वन गर्नुहोस्। जस्तैः

- फार्म परिसरको मुख्य प्रवेशद्वार एउटा मात्रै र बाहिर निस्कन अर्को ढोका पछाडि राख्ने व्यवस्था मिलाउनुहोस्।
- फार्म परिसर भित्र मुसा र किरा नियन्त्रण सम्बन्धी व्यवस्था गर्नुहोस्। पोल्ट्री दाना र अण्डा राख्ने कोठामा जंगली जनावर, चरा तथा अन्य जनावर पस्न नसक्ने बनाउनुहोस्।
- दाना र अण्डा राख्ने घर सफा र निःसंक्रमण गर्न सकिने खालको प्रयोग गर्नुहोस्।
- आगन्तुकले फार्मभित्र जानुपर्दा अनुमति लिएर मात्र जान पाउने व्यवस्था मिलाउनुहोस्।
- फार्ममा आगन्तुकहरूको पूर्ण विवरण सहितको अभिलेख राख्ने गर्नुहोस्।
- प्रत्येक खोरमा रोग नियन्त्रणका लागि अल-ईन, अल-आउट (All- in, all-out) को सिद्धान्त अपनाउनुहोस्।
- एकपटक राखिएका कुखुरा हटाएपछि कुखुराको सोत्तर पूर्णरुपले हटाउनुहोस्। तत्पश्चात सफा गरी निःसंक्रमण गर्ने व्यवस्था गर्नुहोस्। जीवाणु विषाणु ढुसी भए-नभएको बारे समय-समयमा अधिकारिक प्रयोगशालाबाट प्रमाणित गर्नुहोस्।
- पंछी राख्ने खोर नियमित रुपमा सफा गरी चुना, भिरकोन आदिले निःसंक्रमण गर्नुहोस्।
- बिरामी र मरेको कुखुरालाई खोरबाट तुरुन्तै हटाउने र रोग नफैलिने किसिमले नष्ट गर्नुहोस्।
- फार्मबाट निस्केको फोहरलाई सुरक्षित साथ नष्ट गर्नुहोस्।
- फार्ममा दैनिक अभिलेख राख्ने व्यवस्था मिलाउनुहोस्। फार्म अभिलेखमा उल्लेखित तालिकाहरू अनिवार्य रुपमा अभिलेख राख्नुहोस्।
- फार्मभित्र ह्विल डिप (Wheel dip) गरेर मात्र फार्मको गाडी प्रवेश गराउनुहोस्।
- फार्ममा चेन्ज रुम, फुटवाथ, रबर बुट, एप्रोनको व्यवस्था मिलाउनुहोस्।
- फुट डिप हरेक खोरको अगाडि राख्ने व्यवस्था मिलाउनुहोस्।
- फार्मको ढोका सधैं बन्द राखी नियमित रुपमा निःसंक्रमण गर्नुहोस्।
- बसाई सराई गर्ने पन्छीबाट टाढा राख्नका लागि ताल, तलैया तथा सिमसार क्षेत्र नजिक फार्म स्थापना नगर्नुहोस्।
- फार्ममा कार्यरत व्यक्तिहरूले आवश्यकता अनुसार पटक पटक साबुन पानीले हात धुनुहोस्।
- आगन्तुकहरूलाई कुखुरा तथा कुखुराबाट उत्पादित वस्तुसँग सोझै सम्पर्कमा आउन नदिनुहोस्।
- फार्ममा आगन्तुको अनावश्यक प्रवेशमा रोक लगाउनुहोस्। प्रत्येक पोल्ट्री फार्मभित्र आगन्तुक र कर्मचारीलाई कपडा बदल्ने कोठा र स्नान कक्षको व्यवस्था गर्नुहोस्।
- फार्ममा एक्कासी धेरै संख्यामा पन्छीहरू बिरामी परेमा वा मरेमा तुरुन्त नजिकको पशु सेवा निकायमा जानकारी गराउनुहोस्।

## अनुसूची-६: कमन कार्प माछाको ह्याचलिंगलाई दैनिक दाना/आहारा दिने तालिका

| समय अवधि | दानाको प्रकार | दाना दिने दर | प्रति दिन |
|---|---|---|---|
| पहिलो हप्ता | सानो जु-प्लाङ्कटन, अण्डाको झोल, ३०-३५% प्रोटिनयुक्त पाउडर दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा १५-२०% (प्रति एक लाख) हाचलिंगलाई प्रति दिन ४ वटा अण्डाको झोल, १०-१५ ग्राम तयारी दाना | ३-४ पटक |
| दोश्रो हप्ता | ठूलो जु-प्लाङ्कटन, ३०-३५ % प्रोटिनयुक्त क्रम्बल नं.-१ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा १०-१५% (प्रति एक लाख) हाचलिंगलाई प्रति दिन २५०-२७५ ग्राम तयारी दाना | ३ पटक |
| तेश्रो हप्ता | ठूलो जु-प्लाङ्कटन ३०-३५% प्रोटिनयुक्त क्रम्बल नं.२ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा ८-१०% (प्रति एक लाख) हाचलिंगलाई प्रति दिन ४५०-५०० ग्राम तयारी दाना | ३ पटक |
| चौथो हप्ता | ठूलो जु-प्लाङ्कटन ३०-३५ % प्रोटिन युक्त क्रम्बल नं.३ दाना (भटमासको पिठो, गहुँको चोकर, पिना, फिसमिलको मिश्रण) | शारीरिक तौलको आधारमा ५-१०% (प्रति एक लाख) हाचलिंगलाई प्रति दिन ७००-७५० ग्राम तयारी दाना | २-३ पटक |